**सम्माननीय सभामुख महोदय,**

भोटेकोशी–त्रिशूली महाविपत्तिको हृदयविदारक घाउ ओभाउन नपाउँदै अघिल्लो हप्ता परेको अविरल वर्षासँगै आएको बाढी, पहिरो र डुबानले फेरि थुप्रै परिवारको खुसी र सहारा खोसेको छ। कसैको काख रित्तिएको छ, कसैको जीवनको सहारा ढलेको छ, कसैको वर्षौंको पसिनाले बनाएको घरसँगै भविष्यका सपना बगेका छन्। जलवायु परिवर्तनको गहिरिँदो प्रभावबीच एकपछि अर्को विपद्ले पुऱ्याएको मानवीय क्षति र भौतिक विनाशले हामी सबैलाई स्तब्ध र मर्माहत बनाएको छ।

यस विपद्मा ज्यान गुमाउनुहुने सम्पूर्ण नागरिकप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै यो असह्य पीडा सामना गर्ने शक्ति प्राप्त होस् भनी प्रार्थना गर्दछु। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

सरकारले घाइतेहरूको उपचारलाई उच्च प्राथमिकता दिइरहेको छ। उपचारले शरीरमा लागेको चोट त निको पार्न सक्छ, तर प्रियजन र जीवनभर जोडेको सर्वस्व गुमाउँदा मनमा लागेको घाउ निको हुन भने पक्कै समय लाग्नेछ। यस्तो बेला राज्यको उपस्थिति केवल औषधि उपचार र राहतमा मात्र होइन, पीडितको हात समात्ने संवेदनशीलता, निरन्तर साथ र भविष्यप्रतिको भरोसामा पनि देखिनुपर्छ।

राज्यले मौसम पूर्वानुमानका आधारमा पूर्वसूचना प्रवाह र पूर्वतयारी गरिँदासमेत हामीले अमूल्य जीवन, धेरै भौतिक संरचना र सम्पत्तिको क्षति बेहोर्नुपरेको छ। **प्रत्येक गुमेको जीवन परिवारका लागि अपूरणीय क्षति हो र राज्यका लागि भविष्यमा अझ राम्रो** पूर्व तयारी गर्नुपर्ने गम्भीर पाठ **पनि हो।**

यस कठिन घडीमा देशभित्र तथा विदेशबाट सहयोग, श्रम, सीप र मानवीय संवेदना लिएर साथ दिनुहुने व्यक्ति, संस्था, निजी क्षेत्र, प्रवासी नेपाली समुदाय तथा मित्रराष्ट्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

विपद्को यो कठिन घडीमा सबै सहायता पुऱ्याउन सरकारको एक्लो प्रयास मात्र पर्याप्त हुँदैन। देश–विदेशबाट जुटेको यहाँहरूको अमूल्य साथले उद्धार प्रभावकारी बनेको छ, राहत प्रभावित परिवारसम्म पुगेको छ र पीडितका घाउमा मलम लागेको छ।

जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा सार्ने, खोज तथा उद्धार गर्ने, घाइतेको उपचार गर्ने र राहत पुऱ्याउन अहोरात्र खटिएका नेपाल सरकारका सम्बन्धित निकाय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, विपद् व्यवस्थापनका निकाय, प्रदेश तथा स्थानीय सरकार, स्वास्थ्यकर्मी, राष्ट्रसेवक र स्वयंसेवकप्रति हार्दिक आभार व्यक्त गर्दछु। सहयोग लिएर अघि सर्नुभएका दातृ निकाय, दाताहरू, गैरआवासीय नेपाली संघ (NRNA), प्रवासी नेपाली समुदाय तथा पीडितका लागि

आफ्नो घर र मनको ढोका खोलिदिनुहुने सम्पूर्ण स्थानीय नागरिकको योगदानलाई उच्च सम्मान गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी र संसदीय दलका तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु।

विपद्को यो कठिन परिस्थितिमा राज्यको एक्लो प्रयासले मात्र सबै आवश्यकता पूरा गर्न सम्भव हुँदैन। जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा सार्न, खोज तथा उद्धार गर्न, घाइतेको उपचार गर्न र प्रभावित परिवारसम्म राहत पुऱ्याउन अहोरात्र खटिनुभएका नेपाल सरकार, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, विपद् व्यवस्थापनका निकाय, प्रदेश तथा स्थानीय सरकार, स्वास्थ्यकर्मी, राष्ट्रसेवक, स्वयंसेवक, दाताहरू तथा आफ्नो घर र मनको ढोका खोलिदिनुहुने सम्पूर्ण स्थानीय नागरिक–यहाँहरू सबैको योगदानको उच्च कदर गर्दै, म राष्ट्रिय स्वतन्त्र पार्टी र संसदीय दलको तर्फबाट हार्दिक धन्यवाद तथा उच्च सम्मान व्यक्त गर्दछु।

यहाँहरूको सहयोगले भोकाएको पेट भरिएको छ, चिसोले कापेको शरीर ढाकिएको छ र शोकमा डुबेको मनले सहारा पाएको छ। यहाँहरूले राहत सामग्रीसँगै 'यो दुःखमा तपाईं एक्लो हुनुहुन्न' भन्ने दरिलो भरोसा पनि दिनुभएको छ।

तर सुरक्षित छानो, बालबालिकाको पढाइ, नियमित उपचार, जीविकोपार्जन र सम्मानजनक जीवन फर्काउने हाम्रो साझा जिम्मेवारी अझै बाँकी छ। सरकारका सम्बन्धित निकाय र स्थानीय तहसँग समन्वय गरी पीडितका घाउमा मलम लगाउन र पुनर्निर्माणलाई पूर्णता दिन यहाँहरूको अमूल्य सहयोग अपरिहार्य छ। त्यसैले आफ्नो सहयोगलाई निरन्तरता दिनुहुन सम्पूर्णमा हार्दिकता सहित अपिल गर्दछु।

**सभामुख महोदय,**

अहिले सरकार र हाम्रो साझा प्राथमिकता, जोखिममा रहेका नागरिकको जीवन जोगाउने, प्रभावित परिवारसम्म समयमै सहायता पुऱ्याउने र अवरुद्ध जनजीवनलाई यथाशीघ्र सामान्य बनाउने कुरामा स्पष्ट हुनुपर्छर सरकार यसमा निरन्तर प्रयासरत  रहेको छ।

जोखिमयुक्त बस्तीबाट स्थानान्तरण गरिएका नागरिकको बसाइ सुरक्षित मात्र होइन, मर्यादित र व्यवस्थित पनि हुनुपर्छ। राहत वितरण पहुँच वा प्रभावका आधारमा होइन, आवश्यकता र जोखिमका आधारमा हुनुपर्छ। त्यसका लागि तीनै तहका सरकार, सुरक्षा निकाय, राजनीतिक दल, सामाजिक

संस्था र स्थानीय समुदायबीच स्पष्ट जिम्मेवारीसहित प्रभावकारी आवश्यक समन्वय कायम गरिनुपर्छ।

यतिखेर प्रतिपक्षले सरकारलाई खबरदारी गर्नु उसको लोकतान्त्रिक धर्मसँगै जिम्मेवारी पनि हो। तर खबरदारीसँगै विगतका उद्धार र पूर्व तयारीका समीक्षा, कमजोरीको सुधार र पीडितको पुनर्स्थापनामा सहकार्य गर्नु हामी सबैको साझा दायित्व हो। विपद्ले सरकार र प्रतिपक्ष छुट्याउँदैन; यसले हामी सबैको मानवीय चरित्र र राज्यको सामूहिक क्षमता परीक्षण गर्छ। त्यसैले यो समय आरोपको होइन– तथ्यमा आधारित समीक्षा, रचनात्मक सहकार्य र परिणाममुखी कामको हो।

**सभामुख महोदय,**

उद्धार र राहतसँगै सडक, पुल, सञ्चार, विद्युत् र खानेपानीजस्ता अत्यावश्यक सेवा पुनःस्थापनालाई उच्च प्राथमिकता दिनुपर्छ।

पुल भत्किँदा बालबालिकाको विद्यालय जाने बाटोसँगै भविष्यको यात्रा रोकिन्छ। सडक अवरुद्ध हुँदा अस्पताल पुग्न नपाएर बिरामीको उपचार रोकिन्छ, किसानको उत्पादन बजार पुग्दैन र दैनिक ज्यालामा बाँचेको श्रमिकको चुलो बल्दैन। आपूर्ति शृङ्खला अवरुद्ध हुँदा दैनिक उपभोग्य वस्तुको अभाव र मूल्यवृद्धिले विपद्को पीडामाथि थप भार थपिदिन्छ । **त्यसैले पुल र सडक पुनः जोड्ने काममा ढिलाइ गर्ने छुट हामीलाई छैन—हरेक बन्द बाटोको पारी कसैको जीवन, कसैको भोक र कसैको भविष्य** हाम्रो पर्खाइमा अडिएको हुन्छ।

त्यसैले सुरक्षित वैकल्पिक मार्ग, अस्थायी पुल, नियमित आपूर्ति र अत्यावश्यक सेवाको व्यवस्था गर्दै प्रभावित बस्तीलाई सेवा, बजार र अवसरसँग पुनः जोड्ने काम तीव्र बनाइनुपर्छ। प्रत्येक जिम्मेवार निकायले स्पष्ट समयसीमा बनाएर काम गर्नुपर्छ र प्रगतिबारे नागरिकलाई नियमित तथा विश्वसनीय जानकारी दिनुपर्छ। सरकार यसमा प्रयासरत रहेको छ तर अझै तीव्रता दिइनुपर्छ।

**सभामुख महोदय,**

आज हामीले भोगिरहेका विपद्लाई छुट्टाछुट्टै मौसमी घटनाका रूपमा मात्र हेर्न मिल्दैन। हिमाली क्षेत्रमा बढ्दो तापक्रम, हिमनदी र हिमतालमा भइरहेको परिवर्तन, असामान्य वर्षा, पहिरो तथा नदी प्रणालीमा देखिएका जोखिमलाई वैज्ञानिक अध्ययन र दीर्घकालीन नीतिसँग जोड्नुपर्छ।

सम्माननीय प्रधानमन्त्रीज्यूले संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा नेपालको जलवायु संकट, हिमालयको संवेदनशीलता र अन्तर्राष्ट्रिय सहकार्यको आवश्यकतालाई विश्वसामु सशक्त रूपमा प्रस्तुत गर्नुभएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। उहाँको सम्बोधनले जलवायु न्यायका पक्षमा नेपालको आवाज र अडानलाई विश्वमञ्चमा थप स्पष्ट बनाएको छ।

विश्वसामु स्थापित विश्वासलाई लोकतान्त्रिक अभ्यास, विधिको शासन, सुशासन र पारदर्शी कार्यान्वयनबाट अझ बलियो बनाउनु हाम्रो राष्ट्रिय जिम्मेवारी हो। अब अन्तर्राष्ट्रिय मञ्चमा उठाइएको आवाजलाई ठोस साझेदारी, सहज जलवायु वित्त, प्रविधि हस्तान्तरण र प्रभावित नागरिकले अनुभूत गर्न सक्ने परिणाममा रूपान्तरण गर्नुपर्छ। यस दिशामा कूटनीतिक पहलको प्रभावकारी संयोजन गरिरहनुभएका परराष्ट्रमन्त्रीज्यूप्रति पनि आभार व्यक्त गर्दछु।

**विश्वमञ्चमा नेपालले उठाएको जलवायु न्यायको आवाजलाई अन्ततः प्रभावित क्षेत्रका नागरिकको जीवनमा सुरक्षा, सहारा र भरोसा दिलाउने तथा समग्र पर्यावरणको संरक्षण गर्ने ठोस कार्यमा रूपान्तरण गर्न सक्नुपर्छ।**

**हिमालयलाई नेपालको भूगोलमा मात्र सीमित गरेर हेरिनु हुँदैन।** यसको संरक्षणसँग सीमाभन्दा धेरै परका समुदायको पानी, कृषि, खाद्य सुरक्षा, ऊर्जा र भावी पुस्ताको भविष्य मात्र होइन, सिङ्गो विश्वको **समग्र पर्यावरण पनि जोडिएको छ।** त्यसैले हिमालयको संरक्षणलाई साझा अन्तर्राष्ट्रिय जिम्मेवारीका रूपमा स्थापित गर्न नेपालले निरन्तर र दृढ पहल गर्नुपर्छ।

यसै उद्देश्यलाई सार्थक बनाउन श्रद्धेय सभापति रवि लामिछानेले समन्वय गर्नुभएको शीर्षस्थ नेताहरू सम्मिलित सर्वदलीय संयन्त्रको अनुरोधमा गठित **"हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी–त्रिशूली विपद्सम्बन्धी संसदीय विशेष समिति"** को सभापतिको जिम्मेवारी मलाई सुम्पिनुभएकोमा सम्पूर्ण माननीय सदस्यज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

समितिले पूर्वाग्रह वा पूर्वनिर्धारित निष्कर्षका आधारमा होइन, वैज्ञानिक प्रमाण र प्रभावित नागरिकको भोगाइका आधारमा निष्पक्ष तथा परिणाममुखी अध्ययन गर्नेछ। सम्बन्धित विज्ञ, विश्वविद्यालय, अनुसन्धान संस्था, सरकारी निकाय, सुरक्षा निकाय, सञ्चारजगत्, स्थानीय तह र प्रभावित नागरिकसँग अर्थपूर्ण सहकार्य गरी जलवायु परिवर्तनको प्रभाव, विपद्को कारण, जोखिम न्यूनीकरण, पूर्वचेतावनी, उद्धार, राहत, सुरक्षित पुनर्स्थापना र दिगो पुनर्निर्माणसम्मका विषय समेट्नेछ।

**सभामुख महोदय,**

अन्तर्राष्ट्रिय सहयोग र जलवायु परिवर्तनमा न्याय माग्दै गर्दा, हाम्रो राष्ट्रिय जिम्मेवारी पनि उत्तिकै स्पष्ट हुनुपर्छ। जोखिमयुक्त भूउपयोग, कमजोर निर्माण, अव्यवस्थित बसोबास, नदी क्षेत्रको अतिक्रमण र निकायगत समन्वयका कमजोरी सुधार्नु हाम्रै दायित्व हो। प्रत्येक विपद्को कारण र क्षतिको वैज्ञानिक अध्ययन गरी प्राप्त निष्कर्षलाई नीति, बजेट र कार्यान्वयनमा अनिवार्य रूपमा जोड्नुपर्छ।

संसद्ले आवश्यक कानुन र सरकारी निर्णयको कार्यान्वयनमाथि प्रभावकारी निगरानी गर्नुपर्छ। सरकारले तत्कालीन उद्धार र राहतसँगै सुरक्षित पुनर्स्थापना तथा दिगो पुनर्निर्माणको स्पष्ट कार्ययोजना, जिम्मेवार निकाय र समयसीमा सार्वजनिक गर्नुपर्छ।

हामीले तय गर्ने विकासको वास्तविक सफलता अग्ला भवन र चिल्ला सडकले मात्र होइन, संकटको घडीमा नागरिकले प्राप्त गर्ने सुरक्षा र राज्यको साथबाट प्राप्त हुने सेवामा मापन हुने गर्छ।

सभामुख महोदय,

सार्वभौम नेपाली जनताले राष्ट्रिय स्वतन्त्र पार्टीलाई आफ्नो अमूल्य अभिमत मार्फत लोकतन्त्रलाई अझ उन्नत बनाउन, विधिको शासनसहित लोकतान्त्रिक मूल्य र मान्यतामा अडिग रहँदै सुशासनको जग बसाउन र समृद्धिको सपना पूरा गर्ने ऐतिहासिक जिम्मेवारी सुम्पिनु भएको हो।

वर्तमान सरकार गठन भएको छ महिना पूरा भएको छ। संसद्मा जनमुखी र राष्ट्रहितका कानुन निर्माणको तीव्रतासँगै राष्ट्रिय स्वतन्त्र पार्टीले वाचा गरेको सुशासनको जग मजबुत बनाउने काम निरन्तर अघि बढिरहेको छ। जनताका सबै आकांक्षाहरू एकैचोटि पूरा गर्न नसकिएलान्, तर आशालाई यथार्थमा बदल्ने हाम्रो प्रतिबद्धता कायम छ।

न्याय क्षेत्र, सुरक्षा संयन्त्र, कर्मचारी प्रशासनदेखि संवैधानिक निकायसम्म दलीय हस्तक्षेपले कमजोर बनाएको प्रणालीलाई विधि, निष्पक्षता र जवाफदेहितामा उभ्याउन निश्चित रूपमा समय त लाग्छ नै। सरुवादेखि बढुवा र नियुक्तिसम्म मूल्य तोकेर गरिएको आर्थिक चलखेल र भागबन्डाका गुनासाले जनताको भरोसा कति कमजोर बनाएको थियो, हामी सबै त्यसका साक्षी छौं। अब नागरिकको काम बन्न पहुँच खोज्नुपर्ने र कर्मचारीले अवसर पाउन पैसा बुझाउनुपर्ने अवस्थाको अन्त्य भएको छ। विधि मार्फत यसलाई संस्थागत गर्नुछ

कर्मचारी सरुवामा डिजिटल प्रणालीको प्रयोग, लाइसेन्स र राहदानी घरमै पुऱ्याउने सेवा, भूमि प्रशासनका सेवा स्थानीय तहसम्म विस्तार गर्ने प्रक्रिया तथा भूमिहीन परिवारलाई लालपुर्जा वितरण–यी नागरिकले अनुभूति गर्ने सुधारका कदम हुन्। **वर्षौंसम्म लालपुर्जा पर्खिएको परिवार जग्गाधनी बन्दा उसको आत्मसम्मान र भविष्यको भरोसा पनि बलियो भएको छ।**

सरकारले समय तोकेरै बाँकी फाइल टुंग्याउने अभियान, सचिवहरूसँग कार्यसम्पादनमा आधारित सम्झौता, राष्ट्रिय सदाचार नीति स्वीकृति तथा सार्वजनिक जग्गा र सहकारीसम्बन्धी प्रतिवेदन कार्यान्वयनका काम अघि बढेका छन्। खुला आवेदनमार्फत राजदूत सिफारिस गर्ने प्रक्रियाले पनि योग्यतालाई प्राथमिकता दिने दिशा देखाएको छ।

सुशासनका लागि भएका यी काममा सरकारलाई धन्यवाद दिन किन कन्जुस्याइँ गर्ने? अझ धेरै गर्न बाँकी छ। सरकार प्रतिबद्ध छ र निरन्तर लागिरहेको छ। **सुशासनको वास्तविक प्रमाण सुनिन थालेको छ, कसैलाई चिन्नुपरेन, घुस दिनुपरेन, मेरो काम समयमै भयो भनेर नागरिकले भन्न थालेका छन ।**

**घुसको लेनदेन स्वीकार्य छैन। तपाईंको जायज काम गर्न कसैले घुस मागे निर्धक्क भएर विवरणसहित हामीलाई जानकारी दिनुहोस्। त्यस्तो गुनासो सम्बन्धित निकायसम्म पुऱ्याउन र कारबाहीका लागि पहल गर्न हामी साथमा छौं।**

सभामुख महोदय,

आम नागरिकसमक्ष पनि एउटा अपिल गर्न चाहन्छु। सामाजिक सञ्जालमा आफ्ना विचार व्यक्त गर्दा जिम्मेवार र मर्यादित बनौं। आलोचना गर्ने अधिकार सबैलाई छ; त्यसको प्रयोग तथ्य, तर्क र मर्यादासहित हुनुपर्छ। क्षुद्र टिप्पणी र तुच्छ गालीले आफ्नो स्वार्थ वा क्षणिक सन्तुष्टि त पूरा होला, तर त्यसले अर्को व्यक्तिको सम्मान, मर्यादा र मानवाधिकारमा कस्तो आघात पुऱ्याउँछ भन्ने हेक्का राख्नुपर्छ। होच्याउने नियतले गरिने गाली र कानुनले निषेध गरेको बेइज्जती दण्डनीय कसुर हुन् भन्ने पनि बिर्सनु हुँदैन। विधिको शासनमा कानुनी जवाफदेहिताबाट उम्कने छुट कसैलाई छैन। प्रत्येक नागरिक र विशेष गरी राजनीतिक दलको जिम्मेवारी सम्हालेकाहरूले आफ्नो बोली र व्यवहारमा संयम र जवाफदेहिता देखाउनुपर्छ। **कुनै पनि पार्टीको कुनै पनि तहमा नेतृत्व सम्हालेका व्यक्तिलाई कसैको मानवीय मर्यादा कुल्चिने र चरित्रहत्या गर्ने छुट हुनै सक्दैन।**

अन्तमा **सभामुख महोदय,**

महाविपत्ति र त्यसपछिको अविरल वर्षाले दिएको पीडाबीच दसैँ, नेपाल संवत्, तिहार र छठजस्ता हाम्रा प्रमुख चाडपर्वहरू नजिकिँदै छन्। तर आज सयौँ बालबालिकाले आफ्ना अभिभावक गुमाएका छन्; कैयौँ आमाबुबाले सन्तान गुमाएका छन् र हजारौँको परिवार नै उजाडिएको छ। यतिखेर उनीहरूसँग न त ओत लाग्ने छानो छ, न त घर उभिएको जमिन नै बाँकी छ।

**हामी चाड मनाउन घर फर्कने तयारी गरिरहँदा, कतिपय पीडितको फर्कने घर र पर्खने आफन्त दुवै गुमेका छन्।**

विपद्ले भत्काएका पुल फेरि बन्नेछन्; बगाएका सडकहरू फेरि खुल्नेछन्। तर गुमेका प्रियजनहरू कहिल्यै फर्कने छैनन्। प्रियजन र परिवारका सदस्य गुमाउनुको पीडालाई हामी बदल्न सक्दैनौँ। पीडितको मुहारमा तुरुन्तै मुस्कान फर्काउन नसकौँला, तर उहाँहरूको आँसु पुछ्ने इमानदार प्रयास त हामीले गर्नैपर्छ। सुरक्षित ओत, पेटभरि खाना, उपचार, बालबालिकाको पढाइ र जीवन पुनः उठाउने आधार दिएर राज्य सुख-दुःखमा सधैँ साथमा छ भन्ने अनुभूति दिलाउनैपर्छ।

दुःखमा एकअर्काको सहारा बन्नु हाम्रो नेपाली संस्कार हो। यसपालि आफ्नो घरमा दीप बाल्दा विपद्ले अँध्यारो बनाएका घरहरूलाई पनि सम्झौँ। हाम्रो खुसीको केही अंश उहाँहरूको सहारा बनोस्। **हाम्रो चाडको उज्यालो विपद्ले उजाडिएका परिवारको ढोकासम्म पुग्न सकोस्।**

अन्ततः सबै गुमाएका नागरिकले यति भन्न सकून्–

**“विपद्ले मेरो घर बगायो, मेरा प्रियजन खोस्यो; तर मेरो देश र राज्यले मलाई एक्लो हुन दिएन।”**

**धन्यवाद।**